दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ४७ | बुटवल | २०८१ माघ २८, गते सोमबार | नेपाल संवत ११४५ | Monday Feb. 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## २०४६ यताको सबैको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोगको माग




पाल्पा । नेकपा माओवादी केन्द्रका उप-महासचिव वर्षमान पुन अनन्तले २०४६ यता सार्वजनिक पदधारण गरेका सबैको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोगको माग गरेका छन् ।

पुनले सबै पूर्वप्रधानमन्त्री, मन्त्री, न्यायाधीश, उच्च प्रशासक, सुरक्षा निकायका उच्च पदस्य अधिकारीलगायत सबैको सम्पत्ति छानबिन गर्ने गरी आयोग गठन गर्न माग गरेका हुन् ।

लडाकु शिविरमा भएको भनिएको अनियमितता र शेरादरबार प्रकरण छानबिन गर्न सरकारसँग माग गरेका उनले प्रधानमन्त्री केपी ओलीमाथि प्रश्न उठेका गिरिबन्धु टी स्टेट, यति, ओम्नी, स्वीस बैंक र कम्बोडियामा लगानी प्रकरणबारे पनि छानबिन हुनुपर्ने बताए ।

पाल्पाको रैनादेवी छहरा गाउँपालिकाको तेस्रो पार्टी अधिवेशनको आइतबार उद्घाटन गर्दै पुनले यस्तो धारणा राखेका हुन् ।

पुनले शेरादरबार, क्यान्टोनमेन्ट, स्वीस बैंक, कम्बोडिया, गिरिबन्धु, यति र ओम्नीका विषयमा पनि छानबिन हुनुपर्ने माग गरे ।

उनले आफूहरू ज्यान हत्केलामा राखेर गणतन्त्रका लागि लडेका व्यक्ति भएकाले जोखिम मोल्न तयार रहेको बताए ।

पूर्वअर्थमन्त्री पुनले विकासको ठूलो बाधकको रूपमा रहेको भ्रष्टाचार, राज्यदोहन र अनियमितता रोक्न कदम चालेका कारण बिचौलिया र स्वार्थ समूहले रातारात सरकार ढालेको दोहोऱ्याए ।

## सशस्त्र डीआइजीमा बढुवा हुन प्रतिस्पर्धा



काठमाडौं । सशस्त्र प्रहरी बलमा ३ जना सशस्त्र प्रहरी नायव महानिरीक्षक (डीआइजी)को दरबन्दी रिक्त भएको छ । दुईवटा दरबन्दी भदौ १६ देखि रिक्त भए पनि बढुवा सिफारिस हुन सकेको थिएन ।

नम्बर-९ पशुपतिनाथ बाहिनीका बाहिनीपति किशोर प्रधान माघ २२ मा अवकाशमा गएका छन् । प्रधानको अवकाशसँगै रिक्त दरबन्दी संख्या ३ पुगेको छ । २०८१ भदौ १६ मा अभि नारायण खत्री र दुर्गा भट्टराई ३० वर्षे सेवा अवधिका कारण अवकाशमा गएका थिए ।

बढुवा प्रतिस्पर्धामा सिसम-१ का कृष्ण ढकाल, मनिष थापा र सिसम-२ का दीपेन्द्र कुँवर छन् । ढकाल र थापा सशस्त्र प्रहरी स्थापनापछि इन्स्पेक्टरमा भर्ना भएका पहिलो ब्याचका अधिकृत हुन् । उनीहरू २०५९ कार्तिक २६ मा सेवा प्रवेश गरेका थिए ।

सिसम-२ का दीपेन्द्र कुँवरसँगै विष्णु भट्ट पनि डीआइजीका दाबेदार हुन् । उनी वरीयतामा कुँवर भन्दा पछाडि छन् । भट्ट अहिले युएन मिसन अन्तर्गत सोमालियामा कार्यरत छन् ।

सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक मध्येमा १ नम्बर वरीयतामा छन् कृष्ण पाठक । उनी नेपाल प्रहरीको प्राविधिकतर्फबाट सशस्त्रमा प्रवेश गरेका थिए । पाठकले एपीएफ कमाण्ड तथा स्टाफ कलेज पास गरेका छैनन् । सशस्त्र प्रहरी नियमावली-२०७२ अनुसार सशस्त्रमा डीआईजी हुन स्टाफ कलेज पुरा गर्नुपर्छ ।

बढुवा प्रतिस्पर्धाको दुई नम्बर सूचीमा रहेका कृष्ण ढकाल, तेस्रो नम्बरका मनिष थापा र सिसम-२ का दीपेन्द्र कुँवरले स्टाफ कलेज पास गरेका छन् । एसएसपीहरूको सूचीमा चार नम्बर वरीयतामा रहेका विनोद श्रेष्ठ र प्रकाश थापाले पनि स्टाफ कलेज पास गरेका छैनन् । स्टाफ कलेज पुरा नगर्नेहरू बढुवा नहुने सशस्त्र प्रहरीका एक जना उच्च अधिकृतले रातोपाटीलाई बताए ।

सशस्त्र प्रहरी नियमावली अनुसार ३ पटकसम्म प्रवेश परीक्षामा फेल भएमा स्टाफ कलेज गर्न पाइँदैन । सिसम-१ मा भर्ना भएका अधिकृतहरूले स्टाफ कलेज नगरे नायव महानिरीक्षक हुन नपाउने व्यवस्था छ ।

नेपाल प्रहरीबाट गएका एसएसपी कृष्ण पाठकलाई स्टाफ कलेज लागु नहुने भए पनि उनी कार्यक्षमतामा कमजोर अधिकृतका रूपमा चिनिन्छन् । सशस्त्र प्रहरीका एक जना उच्च अधिकृत भन्छन्-'धेरै पटक कारबाही भोगेको र कार्यक्षमता कमजोर भएको हुनाले पनि पाठक प्रतिस्पर्धामा पछाडि छन् ।'

# खजुरा खोलामा चोरी निकासीले नदीजन्य पदार्थ रित्तिंदै



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकामा रहेको खजुरा खोलामा नदीजन्य पदार्थको चरम दोहन भएको छ। प्रहरी प्रशासन र स्थानीय तहलाई छलेर व्यापक रुपमा चोरी निकासि हुँदै आएको खोला नजिकको स्थानीयको गुनासो छ।

हरेक वर्ष खजुरा खोलामा नदीजन्य पदार्थ चोरी निकासी गर्नेहरुको मनोमानी चल्ने गरेको छ । दिनहुँजसो उत्खनन्मा आएका ट्र्याक्टरहरु नगरपालिकाले नियन्त्रणमा लिंदै आएको छ। तर प्रहरी प्रशासन र स्थानिय तहको आँखा छलेर रातारात अवैध उत्खनन् र डम्पिङ हुन नछाडेको स्थानीय बासिन्दा बताउँछन् ।

शुक्रबार र शनिबार मात्रै दुई दिनको अवधिमा नगरपालिकाले अवैध रुपमा डम्प गरी राखिएको ९३ ट्र्याक्टर र २४ टिप्पर ढुङ्गा जफत गरेको नगर प्रहरी प्रमुख पिताम्बर सापकोटाले जानकारी दिए। यसैगरी ४ टिपर मिस्कट समेत जफत गरिएको सापकोटाले बताए।

बर्दघाट नगरपालिकाले चालू आर्थिक वर्षमा खोला ठेक्का लगाए पनि आइइइ प्रतिवेदनमा वन क्षेत्र देखिएकाले अन्तिम अवस्थामा नगरपालिकाले ठेक्का रद्ध गरेको थियो । वनले सहमति नदिएपछि ठेक्का रद्ध गर्नु परेको नगरपालिकाले जनाएको छ।

ठेक्का लाग्न नसक्दा अवैध उत्खनन् र चोरी निकासीले खजुरामा नदीजन्य पदार्थ नै रित्तिएको छ। बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठले प्रहरी प्रशासन र नगरप्रहरी अहोरात्र खटाइएको र अवैध डम्पिङ नियन्त्रणमा लिइएको जानकारी दिए।

'ठेक्का पनि लागेन,खोला पनि रहेन भनेजस्तो छ,प्रहरी प्रशासन नगरप्रहरी खटाएकै छौं,चौबीसै घण्टा खोलामै कुर्न पनि सम्भव भएन सक्दो नियन्त्रण गरेका छौं ।'-श्रेष्ठले भने ।

डम्पिङ जफत गरीएका नदीजन्य पदार्थको खरिद बिल, स्टक बिल समेत नरहेकाले वैधता नदेखिएको बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनालले बताए । नगरपालिकाले ट्र्याक्टर नियन्त्रणमा लिएर जरिवाना बापतको राजस्व काटेर मात्रै पठाउने गर्दछ। प्रहरीले ट्र्याक्टर समाएबापत जरिवानाको कुल रकमको भ्याट कटाएर २५% प्रोत्साहन रकम दिइने गरिएको अधिकृत खनालले जानकारी दिए।

दिनदहाडै खजुरा खोलामा चोरी निकासी हुँदा प्रहरी प्रशासन र सरोकारवाला निकायको भूमिकाप्रति स्थानीयले आशङ्का व्यक्त गर्न थालेका छन् । यता प्रहरी प्रशासन र स्थानीय तहले ट्र्याक्टर नियन्त्रणमा लिए पनि राजनीतिक नेतृत्वबाट वा अन्य विभिन्न तहबाट समेत दबाब हुने गरेको आम नागरिकले सजिलै आँकलन गर्ने गरेका छन् ।

केही दिनअघि मात्रै प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुखलगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरुले खजुरा खोलाको स्थलगत अवलोकन गरेका थिए । स्थलगत अवलोकनका क्रममा नदीजन्य पदार्थको ठुलै परिमाणमा चोरी निकासी भएको देखिएको जिल्ला समन्वय समितिका प्रमुख भगौती यादवले बताए।

'जताततै नदीजन्य पदार्थ चोरी हुने गरेको छ, तर अर्को कुरा राज्यको नीति पनि स्पष्ट छैन। वन क्षेत्र पर्यो भनेर चुरेले सहमति दिँदैन अनि ठेक्का लाग्दैन, ठेक्का नलाग्दा व्यापक चोरी हुन्छ, अनि के अर्थ । यता मिस्कट ढुङ्गा गिट्टी बालुवाको अभावमा विकास निर्माणका काम गर्न पनि कठिनाइ छ, राज्यले एउटा मापदण्ड बनाउन जरुरी छ ।'-प्रमुख यादवले भने । स्थानीय खोला नाला विविध कारणले ठेक्का लाउन नपाइने अर्कातिर कुनै पूर्वाधारको काम गर्नु पर्दा कच्चा पदार्थ कहाँबाट ल्याउने भन्ने अवस्था देखिएको जिसस प्रमुख यादवको भनाइ छ।

बर्दघाट नगरपालिकाको वडा नम्बर ५,१४ र १६ नम्बर वडाबाट चोरीनिकासी हुने गरेको नगरपालिकाले जनाएको छ । नगरपालिकाले यसअघि पनि अवैध डम्पिङ पटक-पटक जफत गर्दै आएको छ, तर चोरी निकासी नियन्त्रण भने हुन सकेको छैन।

## खाद्य सुरक्षामा तीन तहका सरकारको समन्वय जरूरी

**लुम्बिनी संवाददाता**

*भैरहवा*

अत्यावश्यक खाद्यवस्तुको सुरक्षाका लागि तीनै तहको सरकारको सहकार्यको खाँचो देखिएको छ।

देशमा उत्पन्न हुनसक्ने खाद्य संकटको बेला प्रयोग गर्ने गरी रणनीतिक स्थानहरुमा सुरक्षित भण्डारणको व्यवस्था तथा प्रभावकारी मौज्दात व्यवस्थापनसहित राष्ट्रिय खाद्य सुरक्षा र सार्क खाद्य सुरक्षाको लागि तोकिएको परिमाणमा अत्यावश्यक खाद्य वस्तुको मौज्दात राख्न तीन तहका सरकारबिच समन्वय अपरिहार्य रहेको छ।

तीन तहका सरकारबिच उचित समन्वय र सहकार्य नहुँदा किसानले उत्पादन गरेका कृषि उपज र पशुको उचित सुरक्षा हुन नसकेको र किसानले उचित मूल्य समेत नपाएको किसान र स्थानीय तहका जनप्रतिनिधिको गुनासो छ।

उनीहरुले सहज बजारीकरण, उचित मूल्यको सुनिश्चितता गरी स्थानीयस्तरमा खरिद तथा बिक्री कक्ष सञ्चालनमा ल्याउन सके मात्र खाद्य सुरक्षा हुन सक्नेमा जोड दिएका छन् ।

रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीका पालिकाका जनप्रतिनिधिहरुले सरकारको खाद्य सुरक्षा नीतिबारे स्थानीय तहमा पर्याप्त जानकारी नभएको गुनासो गरेका छन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई आम नागरिकले भरोसा गर्ने व्यावसायिक संस्थाका रुपमा अघि बढाउनु पर्ने पालिका प्रतिनिधिहरुको भनाइ छ।

निजी क्षेत्रको उपस्थिति नभएको वा बजार मूल्य हस्तक्षेप गर्नुपर्ने अवस्थामा खाद्य कम्पनी आम नागरिक समक्ष पुग्नुपर्ने उनीहरुको माग छ। ।

उनीहरुले बजार र मूल्य सुनिश्चित नहुँदा किसानले मर्कामा पर्ने भएकोले यस्को समाधानका लागि कम्पनीले तल्लो तहसम्म पुगेर किसानका सिजनल उत्पादनहरु समयमै खरीद गर्ने, सेवा विविधिकरण, आमजनताको भरपर्दो र पहुँचयोग्य कम्पनिको रुपमा विकास हुने बताए।

आमजनताको खाद्य सम्प्रभूतासम्बन्धी संवैधानिक हकको कार्यान्वयन गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनीले अग्रणी भूमिका खेल्नुपर्ने जनप्रतिनिधिहरुले माग गरे।

कम्पनीले देशका खाद्य संकटग्रत क्षेत्र र विपन्न जनताको खाद्य सुरक्षाका लागि बितरण प्रणालीलाई सुदृढ गर्दै आवश्यक खाद्य वस्तु सम्बन्धित स्थान/क्षेत्रमा समयमैं ढुवानी गरी बिक्रीवितरण वा आपूर्ति गर्ने/गराउने, किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्याबश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्नसक्ने गरी बजार निर्माताको भूमिका खेल्नुपर्ने उनीहरुको माग छ।

नेपाल सरकारले नेशनल ट्रेडिङ लिमिटेड र नेपाल खाद्य संस्थानलाई गाभेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गठन गरेको छ।


» बाँकी ३ पेजमा





# सम्पादकीय

## पूर्वाधार विकासमा दिनुपर्ने प्राथमिकता

बुटवल-नारायणगढ सडक विस्तारको काम धमाधम भइरहेको छ । यो सडक विस्तारका लागि आवश्यक ढुंगागिट्टी र माटोको व्यवस्थापन चुरे क्षेत्रमा रहेका नदी खोला र वन क्षेत्रबाट भयो । राष्ट्रिय गौरवका आयोजनाका लागि स्थानीय प्रशासनको संयोजनमा पालिकाले सिधैं दिन पाउने व्यवस्था गरेर उत्खनन् भयो । गौरवका आयोजना भन्दै मनपरी उत्खनन् गर्दा त्यसको विरुद्ध चर्को प्रश्न उठेन् । बुटवल-गोरूसिंगे सडक विस्तारका लागि शिलान्यास भएको छ । अब ठूलो परिमाणमा ढुंगागिट्टी र बालुवा आवश्यक पर्ने बताइएको छ । यहाँ आवश्यक पर्ने सामग्री कहाँबाट ल्याउने प्रष्ट नभए पनि अहिलेसम्मको तयारी हेर्दा चुरे क्षेत्रबाट बग्ने नदी खोलामै निर्भर हुने अवस्था छ ।

भैरहवामा निर्माण सम्पन्न भएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा आवश्यक निर्माण सामग्रीको आपूर्ति चुरे क्षेत्रबाटै भयो । तिनाउलगायतका नदी नै अध्याधिक दोहनको शिकार भए । अहिले पूर्वाधार विकासका सामु वातावरणको मुद्दा ओझेलमा परेका छन् । वातावरणको मुद्दा उठाउनु भनेको विकास विरोधी ठान्ने सरकारी निकायको मानसिकता र वातावरण विनाशले निम्त्याउने जोखिमका बारेमा चासो नदिने र निगरानी नगर्ने समुदायकै कारण मानव जीवन संकटमा परेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन नगर्ने र गरिहाले पूर्णतया कार्यान्वयन नगर्ने प्रवृत्तिले दोहन मौलाएको छ । प्राकृतिक स्रोतको प्रयोग र परिचालनले नै पूर्वाधार विकासले गति लिने हो । धमाधम राष्ट्रिय गौरवका आयोजना निर्माण गर्दा प्राकृतिक स्रोतको व्यवस्थित प्रयोग र परिचालनलाई बेवास्ता गर्नु राज्य संयन्त्रको गैरजिम्मेवार क्रियाकलाप हो ।

लुम्बिनी प्रदेश सरकारले पाल्पाको कोलडाँडा, अर्घाखाँचीको सुर्वणखालसहित तीन ठाउँमा ढुंगागिट्टी र बालुवा खानी सञ्चालन गर्न सकिने अध्ययन गरेको थियो । नदी खोलामा अत्यधिक दोहनले तराई मरूभूमिकरणको दिशामा अघि बढेको भन्दै संघीय सरकारले पनि अब खानी प्रणालीबाट ढुंगागिट्टी र बालुवाको व्यवस्थापन गर्नुपर्ने निष्कर्ष निकालेको केही वर्ष बित्यो । तर ढुंगागिट्टी र बालुवा व्यवस्थित खानीबाट निकाल्ने योजना कार्यान्वयन गर्न सरकारले पहलकदमी लिएको पाइदैन् । नदी खोलामै ढुंगागिट्टी र बालुवा निर्भर रहनुपर्ने बाध्यताले अत्याधिक दोहन हुँदा विपद्लाई निम्ता दिएको छ । नदी खोलाको स्वभाविक स्वरूप नाश भएको छ । नदीको प्राकृतिक स्वरूप नाश हुनु भनेको मानव जीवन संकटमा पर्दै जानु हो । संभावित जोखिमका लागि तयार हुनु हो ।

ठूला पूर्वाधार निर्माण गर्दा आवश्यक निर्माण सामग्रीको व्यवस्थापन मनपरी दोहनबाट होइन्, व्यवस्थित उत्खनन्बाट हुनुपर्छ । राज्य संयन्त्र नै मनपरी दोहनमा लागेपछि विनाश रोकथाम कसरी हुनसक्छ ? पूर्वाधार विकास आवश्यक छ, तर पूर्वाधार विकास गर्दा हुने झन ठूलो क्षतितर्फ हेक्का राख्नुपर्छ ।

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ११ दशमलव ४९ अङ्कले घटेर दुई हजार छ सय ८८ दशमलव ३१ को बिन्दुमा कायम भएको हो ।

तीन सय पाँच कम्पनीको एक करोड ५८ लाख ५५ हजार छ सय १० कित्ता सेयर ८४ हजार दुई सय ८० पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३९ करोड ८६ लाख ६० हजार छ सय २८ बराबरको कारोबार भएको छ ।

कारोबारमा वित्त समूह शून्य दशमलव ८०, उत्पादन तथा प्रशोधन शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव २५ र व्यापार समूह एक दशमलव ३९ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३५ र अन्य समूह एक दशमलव ३० प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ३५, होटल तथा पर्यटन शून्य दशमलव २४, जलविद्युत् शून्य दशमलव ५०, लगानी शून्य दशमलव ३९, जीवन बिमा शून्य दशमलव ७६, म्युचुअल फन्ड शून्य दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ५७ प्रतिशतले घटेको छ ।

सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य छ दशमलव ५२ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३१ करोड १६ लाख ८३ लाख तीन सय ९५ बराबरको सेयर खरिदबिक्री भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको चार लाख ७६ हजार सात सय ७७ कित्ता सेयर किनबेच भएको छ ।


# विनयी त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/२८

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२कर यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन,२०८१को व्यवस्था तथा गाउँकार्यपालिकाको मिति २०८१/१०/१४ गतेको निर्णयानुसार तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी विनयी त्रिबेणी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि. न. | बोलपत्रनं. | बोलपत्रकोविवरण | GPS Point | | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तल्लो बिन्दुः | माथिल्लोबिन्दुः | | | | | | |
| १ | 25/BTRM /NBC/Rev /2081-082 | विनयीखोला हाइवे पुल तल देखि इट्टाभट्टा सम्मको खण्ड | २७°३४'९.३७"N ८३°५३'६.०२"E | २७°३४'३७.८०"N ८३°५२'४७.८८"E | ३३०७५.२० | ३१७.८८ | १०५१३९४४.५८ | ३५६४२३ | ३००० | |
| २ | 26/BTRM /NBC/Rev /2081-082 | सि.जीसिमेन्ट देखी चोखाघाट सम्मको खण्ड | २७°३६'८५७."N ८३°५२'१८८९."E | २७°३६'२९०१."N ८३°५१'११७४."E | २५१५५.०० | ३१७.८८ | ७९९६२७१.४० | २७१०७४ | ३००० | |
| ३ | 27/BTRM /NBC/Rev /2081-082 | चोखाघाटदेखी सिलौटेपूल सम्मको क्षेत्र १ | ८३°५१'४०५६."E २७°३७'५२७८."N | ८३°५१'२२२३."E २७°३६'५८२३."N | ३९७९०.०० | ३१७.८८ | १२६४८४४५.१६ | ४२८७८३ | ३००० | |
| ४ | 28/BTRM /NBC/Rev /2081-082 | चोखाघाटदेखी सिलौटेपूल सम्मको क्षेत्र २ | २७°३७'५७.५०"N ८३°५१'४२.३२"E | २७°३८'४८.६०"N ८३°५१'४२.८०"E | ४०८००.०० | ३१७.८८ | १२९६९५०४.०० | ४३९६६७ | ३००० | |
| ५ | 29/BTRM /NBC/Rev /2081-082 | सिलौटेपूलदेखी पाखापानी सम्मको खण्ड १ | २७°३९'९.३५"N ८३°५०'५५.९१"E | २७°३९'७.३२"N ८३°५०'३९.६९"E | ११८५३.०० | ३१७.८८ | ३७६७८३१.६४ | १२७७३० | ३००० | |
| ६ | 30/BTRM /NBC/Rev /2081-082 | सिलौटेपूलदेखीपाखापानी सम्मको खण्ड २ | २७°३९'४.६९"N ८३°५०'४.४२"E | २७°३९'१२.७४"N ८३°४९'४०.५१"E | १८६७२.०० | ३१७.८८ | ५९३५४५५.३६ | २०१२१२ | ३००० | |
| ७ | 31/BTRM /NBC/Rev /2081-082 | पाखापानीदेखी मसान मजुवा सम्मको क्षेत्र १ | २७°३९'५२.४७"N ८३°४९'८.१९"E | २७°४०'५.६९"N ८३°४७'४८.७७"E | २५२००.०० | ३१७.८८ | ८०१०५७६.०० | २७१५५९ | ३००० | |
| ८ | 32/BTRM /NBC/Rev /2081-082 | पाखापानीदेखी मसान मजुवा सम्मको क्षेत्र 2 | २७°४०'२५.३९"N ८३°४७'३.११"E | २७°४०'४१.६८"N ८३°४६'०.४७"E | २५९८३.२५ | ३१७.८८ | ८२५९५५५.५१ | २७९९९९ | ३००० | |
| ९ | 33/BTRM /NBC/Rev /2081-082 | मसानमजुवा देखि खुमबारी सम्मको खण्ड | २७°४०'३९.५७"N ८३°४५'३३.८४"E | २७°४०'४७.२०"N ८३°४४'५९.६१"E | २१०००.०० | ३१७.८८ | ६६७५४८०.०० | २२६२९९ | ३००० | |
| १० | 34/BTRM /NBC/Rev /2081-082 | खुमबारीदेखि चिदिया सम्मको खण्ड | २७°४०'४८.७०"N ८३°४४'२४.५१"E | २७°४०'४४.९४"N ८३°४३'५३.६७"E | १९५७५.०० | ३१७.८८ | ६२२२५०१.०० | २१०९४३ | ३००० | |
| ११ | 35/BTRM /NBC/Rev /2081-082 | गंगटेखोलाको बगर क्षेत्र | २७°३६'५४.०७"N ८३°५०'४३.५६"E | २७°३६'५४.११"N ८३°४९'२०.३३"E | २४३३७.५० | ३१७.८८ | ७७३६४०४.५० | २६२२६५ | ३००० | |
| १२ | 36/BTRM /NBC/Rev /2081-082 | सुनहीखोला खण्ड | २७°३९'२०.३६"N ८३°५२'१०.१५"E | २७°४०'१३.५६"N ८३°५३'२२.१६"E | २०१८५.२० | ३१७.८८ | ६४१६४७१.३८ | २१७५१९ | ३००० | |
| १३ | 37/BTRM /NBC/Rev /2081-082 | सिरवारखहरे खण्ड | २७°३८'२५.७४"N ८३°५२'५९.४९"E | २७°३८'३६.८४"N ८३°५१'५५.०८"E | ६३२१.०० | ३१७.८८ | २००९३१९.४८ | ६८११६ | ३००० | |
| १४ | 38/BTRM /NBC/Rev /2081-082 | ज्यामिरेखोला खण्ड | २७°३५'९.८४"N ८३°५१'४८.३७"E | २७°३५'९.६०"N ८३°५०'३७.३०"E | ८२६८.०० | ३१७.८८ | २६२८२३१.८४ | ८९०९८ | ३००० | |
| १५ | 39/BTRM /NBC/Rev /2081-082 | खोरंडीखोलाको बगर क्षेत्र | २७°३९'४०.२९"N ८३°५१'२५.६६"E | २७°४०'१४.८४"N ८३°५१'३०.९२"E | ७५११.७० | ३१७.८८ | २३८७८१९.२० | ८०९४८ | ३००० | |
| १६ | 40/BTRM /NBC/Rev /2081-082 | पातखहरेखोला | २७°३९'५६.११"N ८३°५३'७.४१"E | २७°३९'४६.१४"N ८३°५३'२६.८२"E | ६१८२.८० | ३१७.८८ | १९६५३८८.४६ | ६६६२७ | ३००० | |
| १७ | 41/BTRM /NBC/Rev /2081-082 | फुस्रेखोला | २७°३९'४१.७५"N ८३°४८'१९.७९"E | २७°३९'३८.७४"N ८३°४७'५२.१३"E | ६२४०.०० | ३१७.८८ | १९८३५७१.२० | ६७२४४ | ३००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं.००८१५४१३०७८मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८१/११/२८ गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड)पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/११/२८ गतेका दिन दिनको १२:००बजे भित्रविधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/११/२८ गते १:००बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/११/१९ गतेका दिन दिनको १:००बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ अथवा असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) पेश गर्नुपर्ने छ, कार्य सम्पादन जमानत नियमानुसार कार्य गर्न फर्म वा कम्पनिको कार्यालयमा बुझाउनु पर्ने रकम, उत्खनन परिमाण तथा ठेक्काको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात फिर्ता गरिनेछ अन्यथा जफत गरिनेछ, साथै कबोल अंकको एकमुष्ठ बुझाइ सम्झौता गर्न सक्नेछ अथवा प्रथम किस्तावापत ५०प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असारमसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकमजेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकमजफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४,गाउँपालिकाबाट जारी भएकाकानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्र्ति दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामाबुझाउनुपर्नेछ।(क्ष्भ्भ)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी रनिषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र बिक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनीलेआफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथिउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदीजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग गाउँपालिकालाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ,नदीजन्य पदार्थलाई घाटगद्धिगरेरपरिमाणनापजांच गरि मात्र बिक्री वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी, २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।



**थारू नृत्य प्रस्तुतः**

दाङको दङ्गीशरण गाउँपालिका- ३ स्थित चखौरामा मटावाँ, बरघर, भलमन्सा सङ्घको आयोजनामा शनिबार भएको अन्तर प्रदेशस्तरीय थारू सांस्कतिक सम्मेलन तथा महोत्सव र मटावाँ/बरघर/भलमन्साहरूको अधिवेशन उद्घाटन सत्रमा थारू नृत्य प्रस्तुत गरिँदै । *तस्विरः कुलदीप न्यौपाने /रासस*

# नेवाः देय दबु नवलपुरमा नयाँ नेतृत्व

नवलपुर । नेवाः देय दबु नवलपुरको पाँचौ जिल्ला अधिवेशनले मित्रलाल श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

जसको वरिष्ठ उपाध्यक्षमा गोविन्द श्रेष्ठ, उपाध्यक्षमा भवि श्रेष्ठ, सचिवमा रामकुमार श्रेष्ठ, महिला सचिवमा विमला श्रेष्ठ, कोषाध्यक्षमा काजीमान श्रेष्ठ चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा भोजनारायण श्रेष्ठ, मेखराज श्रेष्ठ, अम्बरकुमार श्रैष्ठ, भगवान श्रेष्ठ, ऋषि श्रेष्ठ, अस्मिता श्रेष्ठ, मदन श्रेष्ठ, तुलनारायण मानन्धर, लक्ष्मी श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, लोकप्रसाद श्रेष्ठ, भूपतिमान श्रेष्ठ, विकासकुमार श्रेष्ठ, अर्जुनकुमार श्रेष्ठ, सुरेश श्रेष्ठ, भूमीप्रसाद श्रेष्ठ, सुजनकुमार श्रेष्ठ, प्रज्ञा मल्ल, इश्वरबहादुर श्रेष्ठ, नरेन्द्र श्रेष्ठ र राजकुमार श्रेष्ठ चयन भएका हुन् ।

अधिवेशन पूर्व कावासोतीमा नेवाः समुदायले झाँकीसहित र्‍याली निकालेका थिए ।

अधिवेशनको नेवाः देय दबुका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चन्द्रलाल राजभण्डारीले उद्घाटन गरेका थिए । अधिवेशनको उद्घाटन गर्दै राजभण्डारीले नेवाः समुदायको भाषा, धर्म कला संस्कृति जगेर्ना गर्न सबै नेवाः समुदाय एक भएर लाग्नु पर्नेमा जोड दिए ।



कार्यक्रममा संविधान सभा सदस्य जीवनकुमार श्रेष्ठ, कावासोती नगरपालिका नगरप्रमुख विष्णुप्रसाद भुसाल, नेवाः देय दबुका केन्द्रीय उपाध्यक्ष हरिकुमार श्रेष्ठ, केन्द्रीय सदस्य वसन्ता श्रेष्ठ, प्रदेश कोषाध्यक्ष भुवराज श्रेष्ठ, भुजेल समाज सेवा समिति नवलपुरका अध्यक्ष रमिला भुजेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेवाः समुदायका गुठीबाट आएका कलाकारहरुले लाखेनाँच, धिमी बाजा प्रदर्शन गरेका थिए ।


## आवश्यक कागजपत्र हराएको सूचना

मेरो निम्न व्यहोराको UNITED ARAB EMIRATES आइडी कार्ड मिति २०८१/१०/२० गते रामग्राम नगरपालिका वडा नं. ६ पोखरापालीदेखि परासी आउने क्रममा हराएको हुँदा फेला पार्ने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तलको निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम : अमरबहादुर बि.क.**

**ठेगानाः रामग्राम नगरपालिका वडा नं. ६ नवलपरासी (बसुप)**

**आइडी कार्ड नम्बरः ७८४-१९८८-६२६८०५०-५**

**मोबाइल नं. : ९८२५४७०४५१**


# नेताहरूको जिम्मेवारी तोक्यो माओवादीले

बुटवल । नेकपा माओवादी केन्द्रले नेताहरूको जिम्मेवारी तोकेको छ । आइतबार महासचिव देवप्रकाश गुरूङले तल्लो तहमा पठाएको परिपत्र अनुसार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई स्कूल विभाग प्रमुखको जिम्मेवारी पाउँदा अन्तर्राष्ट्रिय विभागको प्रमुखमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ बनेका छन् । उपाध्यक्ष कृष्णबहादुर महरालाई राज्यव्यवस्था मामिला संयोजक बनाइएको छ ।

अन्तर्राष्ट्रिय विभागको उपप्रमुखमा उपाध्यक्ष पम्फा भुसाल र पार्टी सचिव राम कार्कीलाई जिम्मेवारी दिइएको छ । उपमहासचिव गिरीराजमणि पोखरेललाई स्कूल विभाग उपप्रमुख बनाइएको छ । माओवादीले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई आर्थिक उत्पादन संयन्त्रको इञ्चार्ज बनाएको छ ।

नौ वर्षपछि माओवादीको सक्रिय राजनीतिमा फर्किएका पुनको विशेष जिम्मेवारी भनेको के भन्ने अझैं खुलाइएको छैन । यद्यपि, नेताहरूका अनुसार उनलाई पार्टी उपाध्यक्ष बनाउने सहमति भइसकेको छ ।

जसअनुसार अर्थ तथा योजना विभाग प्रमुखमा उपमहासचिव वर्षमान पुनलाई जिम्मेवारी दिँदा अर्का उपमहासचिव जनार्दन शमालाई संगठन विभाग प्रमुख बनाएको छ ।

यस्तै, अर्का उप-महासचिव शक्तिबहादुर बस्नेतलाई प्राकृतिक स्रोत, व्यवस्थापन क्षेत्र संयोजक बनाएको छ । जसअन्तर्गत उर्जा, जलस्रोत सिँचाइ विभाग प्रमुखमा पार्टी सचिव लीलामणि पोखरेललाई बनाएको छ । यस्तै, उप-प्रमुख केन्द्रीय सदस्य युवराज दुलाललाई बनाएको छ ।

पुस २१-२३ बसेको केन्द्रीय समिति बैठक र त्यसलगत्तै बसेको स्थायी र पदाधिकारी बैठकले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डदेखि सबै केन्द्रीय सदस्यसमेतलाई जिम्मेवारी तोक्ने निर्णय गरेको हो ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा स्वास्थ्य बिमाको छुट्टै फार्मेसी

बुटवल । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा स्वास्थ्य बिमा कार्यक्रमअन्तरगत उपचार गराउन आउने सेवाग्राहीहरुका लागि छुट्टै फार्मेसी (औषधी पसल) स्थापना गरिएको छ । अस्पतालमा भीड व्यवस्थापन तथा सेवालाई सहज बनाउन थप गरिएको फार्मेसीले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

फार्मेसीको अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले उद्घाटन गरे । लुम्बिनी प्रादेशिक अस्पतालमा समेत सरकाले २२ करोड बढी बिमा कार्यक्रमको रकम भुक्तानी नगर्दा समस्या भएको उनले गुनासो गरे । अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालका अनुसार दैनिक ६ सयदेखि ९ सयसम्म सेवाग्राहीहरु बिमा सेवा कार्यक्रमअन्तरगत उपचारका लागि आउने गर्दछन् । बिमा सेवाका लागि छुट्टै फार्मेसी सेवा सुचारु भएपछि अब घण्टौं लाइनमा बस्नुपर्ने समस्या कम हुने बताए ।

अस्पतालमा सवालाई गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै अब सबै काउन्टरहरुमा डिजिटल पेमेन्ट सुविधा, आकस्मिक सेवातर्फ छुट्टै अल्ट्रासाउन्ड तथा एक्स-रे सुविधा, ल्याब प्रयोगशाला बिस्तारलगायतका योजना रहेको उनले जनाए ।

अस्पतालमा राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमबाट आकस्मिक परीक्षण, बहिरंग सेवामा परीक्षण, उपचार सेवा (तोकिएका ११९८ प्रकारका औषधि), रोगको निदान गर्न आवश्यक प्रयोगशालामा दिसा, पिसाब, रगत, एक्स-रे, अल्ट्रासाउन्ड इत्यादि तथा शल्यचिकित्सा सेवा बीमा कार्यक्रमले निःशुल्क प्रदान गर्दै आएको छ ।

# नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न



कञ्चन । रुपन्देहीको कञ्चनमा शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि कञ्चनमा अन्तरकृया तथा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । इलाका प्रहरी कार्यालय रुद्रपुरको आयोजनामा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले सुरक्षा प्रशासनको गुणस्तरीय सेवाका लागि इलाका प्रहरी कार्यालय रुद्रपुरलाई जनशक्ति र श्रोत साधनले पूर्ण बनाउन आवश्यक रहेको विचार व्यक्त गरेका छन् ।

कार्यक्रममा कञ्चनका जनप्रतिनिधि विभिन्न राजनैतिक दलका प्रतिनिधि, भूतपूर्व प्रहरी, पत्रकार, समाजसेवी, निर्माण व्यवसायी र विभिन्न सामाजिक संघ-संस्थाका पदाधिकारी, युवा क्लब, टोल विकास संस्था, आमा समूह र स्थानीय व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

अन्तरक्रिया एवम् नागरिक सुनुवाइ कार्यक्रममार्फत् इलाका प्रहरी कार्यालय रूद्रपुर, रूपन्देही र मातहतका यूनिटहरुको जिम्मेवारी क्षेत्रभित्र शास्ति सुव्यवस्था अमनचयन कायम गर्ने सन्दर्भमा स्थानीयस्तरमा रहेका समस्या, चुनौतीहरु र प्रहरीको भूमिकालगायत समसामयिक विषयवस्तुका सम्बन्धमा स्थानीयहरुको गुनासो तथा सुझाव संकलन र कार्ययोजनाबारे सहभागीहरुले आ-आफ्नो विचार प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सुरज क्षेत्री, तिलकराम लोध, खगेश्वर भूसाल, नन्दबहादुर खड्काथोकी, चुडामणी जैसी, कृष्णबहादुर बि.क., रेनु कुँवर, दुर्गाबहादुर थापा, हिमाल थापा, कृष्णप्रसाद शर्मा, प्रेमचन्द्र पोखेल, देवीराम रेग्मीलगायत वक्ताहरुले कञ्चनको शान्तिपूर्ण र सुरक्षित समाजका लागि इलाका प्रहरी कार्यालय रुद्रपुरबाट भइरहेको प्रयास र गतिविधिहरुमा कुनै दोष लगाउनु पर्ने नभएको विचार व्यक्त गरेका थिए । सुरक्षा प्रशासनबाट गुणस्तरीय सेवाका लागि इलाका प्रहरी कार्यालय रुद्रपुरमा थप जनशक्तिको व्यवस्थापन र श्रोत साधनहरुलाई चुस्तता कायम गर्न पालिका र स्थानीय संघ संस्थाबाट आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने विचार समेत राखेका थिए ।

कार्यक्रममा कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकाल, उपाध्यक्ष मौसमी थापा मगर, वडा नं. १ का वडाध्यक्ष हरिनारायण थारु, वडा नं. ३ का वडाध्यक्ष टिकाराम सापकोटा र वडा नं. ४ का वडाध्यक्ष केशरबहादु खत्रीले समेत पालिकाको नीति, ऐन, कार्यविधि र कानुनअनुसार इलाका प्रहरी कार्यालय रुद्रपुरलाई आर्थिक, भौतिक तथा जनशत्ति र श्रोत साधनले सु-सम्पन्न गर्न आवश्यक पहल र सहयोग गर्ने बताएका छन् ।

इलाका प्रहरी कार्यालय रुद्रपुरका कार्यालय प्रमुख तथा प्रहरी निरीक्षक उमाशंकरप्रसाद शाहको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी नायव निरीक्षक धर्मकुमार खड्काले कार्यक्रम सञ्चालन गरेका थिए ।


## छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची

## बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

मिति २०८१/१०/२८

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. CRM/ARG/NCB/W/04/081/82, Balkot Pauwa-Taktola Motorable Road Upgrading Works, Chhatradev-02 का लागि मिति २०८१/०९/०३ गते प्रकाशित सूचना बमोजिम निर्धारित समयभित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/१०/०४ मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति २०८१/१०/२५ गतेको मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति २०८१/१०/२५ गतेको निर्णयानुसार पर्शुरामेश्वर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., ईश्मा, गुल्मीले कबोल गरेको अङ्क (मु.अ.कर र पि.एस.समेत) रु. २३,८९,६४८.५० (अक्षरेपी तेइस लाख उनानब्बे हजार छ सय अठ्चालिस रुपैयाँ पैसा पचास) मात्रको बोलपत्र सिफारिस भइ स्वीकृतीका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत



## Rurukshetra Rural Municipality
## Office Of TheRural Municipal Executive
Ghiubensi, GulmiLumbini Province

## Invitation for Bids

Date of Publication: February 10, 2025(2081/10/28)

Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi invites only electronic bids for the following works under Sealed Quotation(SQ).

| S. N. | Contract No./ IFB No. | Estimated amount (Exclusive of VAT& contingencies) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid/ Security Validity Period | Bid Security (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-W-SQ-27-081/82 | 1,217,816.84 | Shree Janabodh Ma.Bi. Bhawan Nirman (Phase 2) | 1,000.00 | February 25, 2025 (2081/11/13) Before 12:00 hr | February 25, 2025 (2081/11/13) At 13:00 hr | 45/75 days | 40,000.00 |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (ForBidDocument Fee)
   Revenue Code Number(Rajaswo Shirshak Number): 14249 (Aanya Dastur)
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (forBid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at thesame time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 withamendment, shall be ineligible to submitthe bid and also the propriet or of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 withamendment and Public Procurement Regulation-2064 withamendment and other prevailing regulations.
6. The Employer reserves the right to acceptor reject,wholly or partly any or all the bids without assigning reason, whatso ever.
7. Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

Chief Administrative officer


**खाद्य...**

खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्नेका लागि किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने, उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यवसायिक क्रियाकलाप विस्तार र विविधिकरण गर्दै दिगो आय आर्जन गर्ने, अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न आवश्यक सहयोग पुर्‍याउने र कम्पनीलाई व्यवसाय-उन्मुख एवं उत्तरदायी बनाउने उद्देश्य रहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले जानकारी दिए ।

खाद्य सुरक्षाकालागि सुरक्षा भण्डारणमा राख्नुपर्ने, मूल्य स्थिरीकरणका लागि प्रयोग गर्नुपर्ने र व्यवसायिक प्रयोजनका लागि आवश्यक पर्ने खाद्य तथा अन्य वस्तुहरु खरिद तथा

प्राप्त गर्ने, आधुनिक गोदामको व्यवस्था गरी त्यसमा किसानका उत्पादनहरुले अपेक्षित मूल्य नपाउँदासम्म भाडामा राखिदिने र त्यस्ता गोदाममा राखिएका वस्तु किसानले बिक्री गर्न नसके कम्पनीले खरिद गरिदिने व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयन हुनुपर्ने सरोकारवालाको माग छ ।


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाइंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# हाजिरीजवाफको उपाधि ग्रीन प्लान्टलाई



तिलोत्तमा । रूपन्देहीको तिलोत्तमास्थित प्यारामाउण्ट बोडिङ हाई स्कूलद्वारा आयोजित अन्तरमावि जिल्लास्तरीय रनिङ शिल्ड हाजिरीजवाफ प्रतियोगिताको उपाधि ग्रीन प्लान्ट बोर्डिङ हाई देवदहले जितेको छ। आइतबार भएको प्रतियोगितामा ३१ विद्यालयलाई पछि पार्दै ग्रीन प्लान्टले उपाधि हात पारेको हो । प्रतियोगितामा न्यू होराइज इङलिस बोर्डिङ स्कूल बुटवल द्वितीय भएको छ । त्यस्तैगरी तृतीय र सान्त्वना क्रमशः एभरेष्ट इङ्ग्लिस बोर्डिङ स्कूल र कान्ति मावि तथा पाँचौ देवदेह ईङलिस बोर्डिङ स्कूल भएका छन् ।

विद्यालयले विद्यार्थीको बौद्धिक क्षमतालाई प्रस्फुटन गर्ने उद्देश्यले स्थापनाकालदेखि हरेक वर्ष जिल्लास्तरीय रनिङ शिल्ड हाजिरीजवाफ प्रतियोगिताको आयोजना गर्दै आएको छ। विजेता विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) बासुदेव घिमिरेले शिक्षालाई सीपसँग जोड्नुपर्ने बताए । उनले अबका विद्यार्थीहरु प्रविधि र ज्ञान दुवैमा सक्षम हुनुपर्ने सुझाव दिए।

विद्यालयका संस्थापक प्राचार्य डा. दामोदर भुसालले प्यारामाउन्ट शैक्षिक गुणस्तरमा मात्र नभई खेलकुदमा पनि अब्बल बन्दै गएको बताए । उनले शिक्षालाई संस्कारयुक्त र प्रविधिमैत्री बनाउन प्राथमिकताका साथ लागेको बताए।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) का केन्द्रीय सह-कोषाध्यक्ष तथा बुटवल पब्लिक स्कूलका संस्थापक अध्यक्ष हेमलाल शर्मा भुसालले देशको शैक्षिक विकासमा निजी विद्यालयको अब्बल भूमिका रहे पनि सरकारले संस्थागत विद्यालयलाई विभेद गरेको गुनासो गरे । विद्यालयका सल्लाहकार शिवप्रसाद ज्ञवालीले विद्यालयले उच्च शिक्षातर्फ आइटी कलेज पनि सञ्चालन गर्दै आएको बताए।

कार्यक्रममा हिसान रुपन्देहीका अध्यक्ष दिनेश भुसाल, अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, प्याब्सन तिलोत्तमका अध्यक्ष दिपक गौतम, सिद्धार्थ बोर्डिङ स्कूलका प्राचार्य यामबहादुर रानालगायतले बोलेका कार्यक्रमको सञ्चालन शिक्षक दिवाकर पन्थीले जानकारी दिए। २०५२ मा स्थापित विद्यालयमा २ हजार ५०० विद्यार्थी अध्ययनरत छन्।

# एनएचसीको क्रिकेट उपाधि प्यारामाउन्टलाई




बुटवल । प्यारामाउन्ट कलेजले नेसनल हाइस्कुल च्याम्पियनसीप (एनएचसी) क्रिकेट उपाधि जितेको छ। तल्लो मूलपानी मैदानमा शनिबार भएको खेलमा आस्था कलेजलाई ३८ रनले हराउँदै प्यारामाउन्टले उपाधि जितेको हो ।

प्रतियोगिताको 'प्लेयर अफ द सिरिज' प्यारामाउन्टका सन्तोष थापा घोषित भए ।

फाइनलमा म्यान अफ द म्याच सन्देश पन्थी भए । क्याच अफ द म्याच सन्तोष गजमेरले पाए। उदीयमान बलर वेस्टर्न क्रिस्टल एकेडेमीका सचिन भट्ट, उत्कृष्ट ब्याटर आस्था कलेजका भूपालकुमार दंगाल भए ।

हाइप यति इभेन्ट्सद्वारा आयोजित प्रतियोगितामा देशभरका सात प्रदेशका विजेता तथा काठमाडौं छनोटको उपविजेता गरी कुल ८ टिमले भाग लिएका थिए ।

# रामपुर महोत्सव कपको उपाधि नेपाल पुलिस क्लबलाई

**बासुदेव ढकाल**

*माघ*

पाल्पाको रामपुरमा भएको चौथो रामपुर महोत्सव कप २०८१ को उपाधि नेपाल पुलिस क्लबले प्राप्त गरेको छ। क्लबस्तरीय भलिबलको उपाधि पुलिस क्लबले हात पार्न सफल भएको हो ।

उपाधिको लागि भएको फाइनल खेलमा नेपाल एपीएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि पुलिस क्लब विजेता बन्न सफल भएको हो । फाइनल खेलमा पुलिस क्लबले पहिलो सेट २५-२१, दोस्रो सेट २५-१२ र तेस्रो सेट २५-२२ अंकसहित आफ्नो पक्षमा पार्दै चौथो रामपुर महोत्सव कप २०८१ उपाधि चुम्न सफल भएको हो भने नेपाल एपीएफ क्लव दोस्रो उपाधिमा चित्त बुझाउनु पर्यो ।

चौथो रामपुर महोत्सव तथा व्यापार मेलाको अवसरमा आयोजित प्रतियोगितामा नेपाल त्रिभुवन आर्मी क्लबले तृतीय स्थान हासिल गरेको छ। तृतीय स्थान छनौटका लागि भएको खेलमा त्रिभुवन आर्मीले निस्दी भलिबल क्लबलाई ३-१ को सेटले पराजित गरेको हो । पहिलो, तेस्रो र चौथो सेट आर्मीले २५-२१, २५-१९ र २५-१९ सेटले हात पारेको थियो । निस्दीले दोस्रो सेट २५-१९ अंकसहित हात पारेको थियो । निस्दी क्लब सान्त्वना स्थानमा चित्त बुझाउन परेको छ।

प्रतियोगिताको विजेतामध्ये प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने समूहले क्रमशः नगद दुई लाख २२ हजार २२२ रुपियाँ, एक लाख ५५ हजार ५५५ रुपियाँ, एक लाख एक हजार १११ रुपियाँ र ५५ हजार ५५५ रुपियाँसहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरेको छ। प्रतियोगितामा वेष्ट प्लेयर पुलिस क्लबका रेशम छन्त्याल, वेष्ट डिफेण्डर नेपाल एपीएफ क्लबका विनोद चन्द, वेष्ट सर्भर पुलिस क्लबका पहल गहतराज, वेष्ट ब्लकर पुलिस क्लबका सफल विक, वेष्ट सेटर नेपाल एपीएफ क्लबका दिपेश कुँवर, वेष्ट स्पाइकर त्रिभुवन आर्मी क्लबका धनबहादुर भट्ट र वेष्ट कोच पुलिस क्लबका चन्द्र कुँवर घोषित भएका थिए।

विजयी समूहलाई लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठ, रामपुर नगरप्रमुख रमणबहादुर थापा, अन्तर्राष्ट्रिय बीपी चिन्तन प्रतिष्ठानका अध्यक्ष सन्दिप राना, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकालले पुरस्कार हस्तान्तरण गरेका थिए। प्रतियोगितामा विभागीय टिम त्रिभुवन आर्मी क्लब, नेपाल एपीएफ क्लब, नेपाल पुलिस क्लब, मणिमुकुन्द भलिबल क्लब र निस्दी भलिबल क्लब गरी ५ समूहको सहभागिता रहेको थियो।

गत माघ २१ गतेदेखि सुरु भएको प्रतियोगिता रामपुर उद्योग वाणिज्य संघको आयोजना, रामपुर नगरपालिकाको संरक्षण, जिल्ला भलिबल संघको सह-आयोजना, नगर खेलकुद विकास समिति रामपुर र रामपुर भलिबल संघको समन्वयमा भएको खेल संयोजक कमल रानाले जानकारी दिए।

# पाणिनीमा शिवरात्रि विशेष भजन प्रतियोगिता हुँदै

**लक्ष्मण घिमिरे**

*अर्घाखाँची*

धार्मिक सम्पदाहरुको पहिचान गराउने उद्देश्यले पाणिनी गाउँपालिकामा भजन प्रतियोगिता हुने भएको छ।

आउँदो फागुन १४ गते महाशिवरात्रिको दिन पाणिनीको दुर्गाफाँटमा खुल्ला भजन प्रतियोगिता हुने पत्रकार सम्मेलनमार्फत् जानकारी दिइएको छ । लायन्स क्लब अफ अर्घाखाँची पाणिनीको आयोजनामा हुने प्रतियोगितामा लोकभजनको उद्गम स्थलकै रूपमा दाबी गरिएको पाणिनीका पाणिनी तपोभूमी, दुर्वाशेस्वर गुफा लगायतका धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले प्रतियोगिता राखिएको आयोजक संस्थाका अध्यक्ष अर्जुन पोखेलले जानकारी दिए।

भजन प्रतियोगितामा प्रथम हुने टिमले नगद ३३ हजार ३ सय ३३ रुपैयाँ, द्वितीय हुने टिमले नगद २२ हजार २ सय २२ रुपैयाँ, तृतीय हुने टिमले नगद ११ हजार १ सय ११ रुपैयाँ तथा सान्त्वना हुने टिमले नगद ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गर्नेछन् ।

आफ्ना धार्मिक क्षेत्रहरुको पहिचान गराउनुका साथै भजन संरक्षणमा समेत यो प्रतियोगिताले टेवा पुग्ने आयोजकको लक्ष्य छ । लोक संस्कृति जोगाउनु सबैको साझा दायित्व भएकाले नयाँ पुस्तालाईसमेत भजनमा आकर्षित गराउने लायन्सले जनाएको छ । भजन नेपाली संस्कृतिसँग जोडिएको भन्दै परम्परादेखिको भजन जगेर्नाका लागि सबै लाग्नुपर्ने उनीहरुको भनाइ छ।

पत्रकार सम्मेलन कार्यक्रम लायन्स क्लब अफ पाणिनीका सचिव घनश्याम पौडेलको सञ्चालनमा सम्पन्न भएको हो । कार्यक्रममा पाणिनी गाउँपालिकाका संस्थापक अध्यक्ष अच्युत गौतम, पत्रकार महासघंका प्रदेश कोषाध्याक्ष प्रेम नारायण आचार्य, नेपाल पत्रकार महासंघका उपाध्यक्ष रुद्रमणि भुसाल, सचिव लक्ष्मण घिमिरेलगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



## Binayi Tribeni Rural Municipality

## Office of Rural Municipal Executive

**Nawalparasi (East of Bardghat Susta), Dumkibas**

**Gandaki Province, Nepal**

## Invitation For Bids

Date of publication: 2081/10/28, (10th,Feb, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites Hard Copy bids from eligible bidders for the following goodsunder National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 42/ BTRM /SQ/ Goods/ 2081-082 | Supply and providing Sanitary Pad,Individual Pad Sealed in PE Packing (minimum 8 pads per pack) and IP/BP/USP and ISO certified | 1639404.00 | 49185.00 | 1000.00 | 2081/11/13 (25th, Feb, 2025) Before 1:00 | 45 Days | 2081/11/08 (20th,Feb, 2025) Before 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East)<br>BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: BinayiTribeniRuralMunicipality, Nawalparasi(East)<br>BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

Chief Administrative Officer


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com